# बालबालिका विरूद्ध हिंसा

## १. नेपालमा बालबालिका विरूद्ध हुने हिंसाको अवस्था

बलबालिका विरूद्ध हुने हिंसा विश्वका उच्च आय भएकादेखि निम्न आय भएका, विकसित, विकासशील सबै समाजमा व्याप्त समस्या हो । बालबालिका विरूद्धको हिंसालाई सम्बोधन गर्दै उन्मुलन गर्नु हरेक राज्यको मानवअधिकार सम्बन्धी दायित्व हो । यो सवाललाई सम्बोधन गर्नुपर्छ भन्ने तर्कको मुख्य आधार भनेको 'बालबालिका विरूद्ध कुनै पनि हिंसाको औचित्य पुष्टि (justifiable) हुँदैन र बालबालिका विरूद्धका सबै हिंसा रोकथाम गर्न सकिन्छ' भन्ने रहेको छ ।

नेपालमा बालबालिका विरूद्ध हुने हिंसा व्यापक भए तापनि तथ्यांक सङ्कलनको वैज्ञानिक पद्दतिको अभाव र यस्ता घटनाहरूको न्यून रिर्पोटिङका कारणले पूर्ण र सही तथ्यांक उपलब्ध छैन । केन्द्रीय बालकल्याण समितिले सन् २०१४ र २०१५ मा यौन दुर्व्यवहार, बालविवाह, बालश्रम शोषण, शारीरिक दण्ड सजाय लगायतका बालबालिका विरूद्धका हिंसाका १६७ वटा घटनाको लिखत राखेको छ । केन्द्रीय बालकल्याण समितिले इन्सेकको २०१४ को तथ्यांक उल्लेख गरेको छ जसमा ९४० जना बालबालिका पीडित रहेकामा बालिका बलात्कारका ५२५ र यौन दुर्व्यवहारका २२९ घटनाहरू रहेका छन् जसका अधिकांश पीडितहरू बालिका छन् ।

५ देखि १७ वर्ष उमेर समूहका ३७.४ प्रतिशत बालबालिकाहरू बालश्रममा संलग्न छन् । १ देखि १४ वर्ष उमेर समूहका ८१.७ प्रतिशत बालबालिका हिंसात्मक अनुशासनको सिकार भएका छन् भने ५ वर्षमुनिका २०.६ प्रतिशत बालबालिकाले पर्याप्त स्याहार पाएका छैनन् । उनीहरूलाई कि त एक्लै कि अर्को दस वर्षभन्दा कम उमेरको दाजु वा दिदीले स्याहार गरेको पाइन्छ । सन् २००८ को एक अध्ययन अनुसार लगभग १४ प्रतिशत विद्यार्थीले शिक्षकको डरका कारण विद्यालय छोडेको पाइएको छ । विद्यालयमा बुलिङ र यसमा पनि साइबर बुलिङका घटनाहरू दिन प्रतिदिन बढिरहेका छन् जसको बालबालिकामा भयानक असर हुन्छ । दुखद पक्ष के छ भने बुलिङलाई चासोको सवालको रूपमा पनि लिएको पाइँदैन । बालविवाह बाल हिंसाको एउटा प्रमुख कारक तत्वको रूपमा रहेको छ । जुन अत्यन्त भयावह स्थितिमा छ । तथ्यांक अनसार ४०.७ प्रतिशत बालबालिकाको १८ वर्षभन्दा पहिले नै र १०.१ प्रतिशतको १५ वर्ष अगावै विवाह भएको पाइन्छ ।

बालबालिकामा घरेलु हिंसाको प्रत्यक्ष र परोक्ष प्रभाव पर्दछ । नेपालमा यो एक प्रमुख समस्याको रूपमा रहेको कुरा तथ्यांकले देखाउँछ । १५ देखि ४९ उमेर समूहका २२ प्रतिशत महिलाहरूले १५ वर्ष उमेर कटेपछि कम्तिमा १ पटक शारीरिक हिंसा भोगेका छन् भने सोही उमेर समूहका १२ प्रतिशत महिलाले उनीहरूको जीवनभरमा कम्तीमा १ पटक यौन हिंसा भोगेका छन् ।

## २. बालबालिका विरूद्धका हिंसाका आयामहरू

हिंसा भन्ने शब्दलाई शारीरिक र उद्देश्यपूर्ण क्षति (Physical harm and/or intentional harm) का रूपमा बझ्ने गरिए तापनि संयुक्त राष्ट्रसंघीय बाल अधिकार समिति (यसपश्चात बाल अधिकार समिति) ले यसलाई व्यापक

रूपमा परिभाषित गरेको छ। सो परिभाषा अनुसार हिंसाले सबै प्रकारका शारीरिक वा मानसिक हिंसा, चोटपटक वा दुर्व्यवहार, हेला वा हेलाजन्य व्यवहार, गलत व्यवहार अथवा शोषण र यौन दुर्व्यवहार समेतलाई जनाउँछ। बाल अधिकार सम्बन्धी महासन्धिको धारा १९ अनुसार यस महासन्धिका सबै पक्ष राष्ट्रहरू बालबालिकालाई सबै प्रकारका हिंसाबाट संरक्षण गर्न उपयुक्त प्रकारका सम्पूर्ण कानुनी, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू अपनाउन बाध्य हुन्छन् ।

बाल हिंसा सम्बोधन गर्नुपर्ने आवश्यकतालाई जोड दिने केही आधारभूत मान्यताहरू रहेका छन् । प्रत्येक बालबालिकाले सम्मानपूर्ण जीवन जीउन पाउनुपर्छ जसका लागि उनीहरूलाई अधिकारका धारकका रूपमा पहिचान, सम्मान र संरक्षण दिइनुका साथै हरेकलाई वैयक्तिक स्वभाव, आवश्यकता, रूचि र गोपनीयता भएको एक अद्वितीय र महत्वपूर्ण मानवका रूपमा स्वीकार गर्नुपर्छ । बाल अधिकारमा आधारित पद्धति (child rights based approach) ले बालबालिकालाई अधिकार धारक व्यक्तिका रूपमा उनीहरूको मानवीय मर्यादा तथा शारीरिक र मानसिक सम्पूर्णता (integrity) को सम्मान र सम्बर्धन गर्ने कुरालाई अनिवार्य रूपमा अपनाउँछ । जसरी वयस्कका सवालमा कानुनको शासन सिद्धान्तको कार्यान्वयनको विरूद्ध हुने गरी कुनै तर्क प्रयोग गरिँदैन ठीक त्यसरी नै बालबालिकाको सवालमा पनि सोही सिद्धान्त विरूद्ध हुने गरी तर्क गर्न सकिन्न ।

बालबालिकालाई वयस्कभन्दा अझ बढी संरक्षणको आवश्यकता पर्छ। बाल हिंसालाई नियन्त्रण गर्ने प्रयासहरू प्राथमिक रोकथाम (primary prevention) मा केन्द्रित गरिन वान्छनीय हुन्छ जसले गर्दा बालबालिकालाई कुनै क्षति हुने अवस्थामा पुग्नबाट नै जोगाउन सकियोस् । क्षति भइसकेपछि त्यसलाई पूर्ति गर्न ज्यादै चुनौतीपर्ण हुन्छ र कतिपय अवस्थामा असम्भव समेत हुन्छ ।

## ३. हिंसाका स्वरूपहरू

बाल अधिकार समितिको सबै प्रकारका हिंसाका स्वरूपहरू अस्वीकार्य हुन्छन् भन्ने स्पष्ट धारणा छ। बाल हिंसालाई कानुनी मान्यता प्रदान गर्ने कुनै गुन्जायस हुनु हुँदैन । हिंसाको पटक (frequency) क्षतिको गम्भीरता र क्षति पुऱ्याउने उद्देश्य यसका परिभाषाका लागि आवश्यक तत्वहरू होइनन् । बाल अधिकार समितिले यसको सामान्य टिप्पणी (general comment) १३ मा तल उल्लिखित स्वरूपहरू दिएको छ जुन आफैँमा पूर्ण सूची होइन :

**हेला वा हेलाजन्य व्यवहार :** स्याहारकर्तासँग आवश्यक उपाय, ज्ञान र सेवामा पहुँच हुँदाहुँदै कुनै बालबालिकाको शारीरिक र मनोवैज्ञानिक आवश्यता पूरा गर्न असमर्थ हुनु, उनीहरूलाई खतराहरूबाट जोगाउन नसक्नु वा स्वास्थ्य, जन्मदर्ता अथवा अन्य सेवा उपलब्ध गराउन नसक्नु हेला वा हेलाजन्य व्यवहार हो । यसका केही उदाहरणहरूमा बालबालिकालाई उपयुक्त हेरचाह नगर्ने लगायतका कारण कुनै चोटपटक लाग्नबाट जोगाउन नसक्नु भनेको शारीरिक हेला हुनसक्छ । त्यस्तै, मनोवैज्ञानिक वा संवेगात्मक हेला पनि धेरै मात्रामा पाइन्छ जसमा बालबालिकालाई संवेगात्मक ढाढस वा मायाको कमी, औषधी उपचार नदिएर शारीरिक वा

मानसिक स्वास्थ्यप्रति बेवास्ता र बालबालिका खासगरी अपांगता भएका बालबालिका त्याग्ने जस्ता स्वरूपहरू प्रचलित छन् ।

**मानसिक हिंसा** : यस अन्तर्गत मनोवैज्ञानिक रूपमा खराब व्यवहार, मानसिक दुर्व्यवहार, शाब्दिक दुर्व्यवहार र संवेगात्मक दुर्व्यवहार वा वेवास्ता पर्दछन् । केही प्रचलित स्वरूपहरूमा बालबालिकासँग सधैं नकारात्मक अन्तरक्रिया गरिरहने र उसलाई औचित्यहीन्, अनावश्यक वा अनपेक्षित हो भन्ने सन्देश दिइरहने, धम्काउने, आतङ्कित पार्ने, होच्याउने, लज्जित पार्ने, घरलु हिंसा देख्न बाध्य पार्ने, एकान्तवासमा राख्ने, मनोवैज्ञानिक बुलिङ गर्ने आदि पर्दछन् ।

**शारिरिक हिंसा** : यस अन्तर्गत ज्यानै जाने गरी वा ज्यान नजाने प्रकृतिको शारीरिक हिंसा पर्दछ । सबै प्रकारका शारीरिक दण्ड सजाय, यातना, क्रूर, अमानवीय सजाय वा व्यवहार र शारीरिक बुलिङ यसका केही उदाहरण हुन् ।

**यौन दुर्व्यवहार र शोषण** : यौन दुर्व्यवहार भन्नाले कुनै पनि वयस्कले बालक, बालिकासँग गरेको कुनै पनि प्रकारको यौनजन्य क्रियाकलापलाई बुझिन्छ जसका विरूद्ध उक्त बालक, बालिकालाई फौजदारी कानुनले संरक्षण दिएको हुन्छ । यौन दुर्व्यवहार एउटा बालक, बालिकाले अर्को बालक, बालिकामाथि पनि गर्न सक्छ यदि त्यो दोषी बालक, बालिका अर्कोभन्दा बढी उमेरको छ वा दबाव दिनका लागि शक्ति, धम्की वा अन्य कुनै उपाय अपनाउन सक्छ भने । धेरै मात्रामा पाइने यौन दुर्व्यवहार र शोषणका स्वरूपहरू कुनै बालक, बालिकालाई गैरकानुनी वा मनोवैज्ञानिक रूपमा क्षति पुऱ्याउने किसिमको यौन क्रियाकलापमा संलग्न गराउन उक्साउने वा जबरजस्ती गर्ने, आर्थिक यौन शोषण गर्ने, बालबालिकालाई यौनजन्य शब्द वा दृश्य चित्रहरूमा प्रयोग गर्ने, बाल देहव्यापार गराउने, यौन दासता, यौन उद्देश्यले आन्तरिक वा अन्तरदेशीय ओसारपसार वा बेचबिखन गर्ने, पर्यटन क्षेत्रमा यौन शोषण गर्ने आदि रहेका छन् ।

**बालबालिकाबीचको हिंसा** : यस अन्तर्गत बालबालिका र धेरैजसो सामूहिक रूपमा अन्य बालबालिकालाई शारीरिक, मनोवैज्ञानिक वा यौन हिंसा गर्ने क्रियाकलाप पर्दछन् जुन अधिकांश अवस्थामा बुलिङका रूप हुने गर्दछन् ।

**आमसञ्चार र सूचनाप्रविधिका माध्यमबाट हुने हिंसा** : आमसञ्चारले जब बालबालिकालाई हिंसात्मक (violent) अथवा अपराधी (delinquent) का रूपमा घटनाहरूलाई जोडतोडका साथ प्रचारप्रसार गर्छ, जसले दण्डात्मक उपायहरू लिन प्रेरित गर्छ र प्रतिक्रियामा हिंसा हुने गर्छ भने बालबालिका विरूद्ध हिंसा गरेको मानिन्छ । इन्टरनेट र सूचनाप्रविधिमा विभिन्न क्षेत्रहरू हुन्छन् जसमा बालबालिका विरूद्ध हिंसा हुने गर्छ । जस्तो कि बाल दुर्व्यवहार, श्रव्यदृश्य सामग्री उत्पादन गर्न बाल यौन दुर्व्यवहार गर्ने, अश्लील चित्रहरू वितरण गर्ने, राख्ने वा विज्ञापनमा प्रयोग गर्ने, सूचनाप्रविधि प्रयोग गर्ने बालबालिकालाई यौनजन्य हिंसात्मक वा आक्रामक सामग्रीमा पहुँच दिने, इन्टरनेट र अरू सूचनाप्रविधिको प्रयोगद्वारा बालबालिका बुलिङमा पर्ने वा अरूलाई बुलिङ गर्ने इत्यादि ।

हिंसाका स्वरूपका बारेमा विचार पुऱ्याउनुपर्ने एउटा महत्वपूर्ण कुरा के छ भने यिनीहरू जुनसुकै अवस्थाका जुनसुकै बालबालिकाका सन्दर्भमा पनि लागू हुन सक्छन् । बालबालिकाहरू वयस्कबाट वा अन्य बालबालिकाबाट हिंसामा पर्न सक्छन् । केहीले त आफूले आफैँलाई पनि क्षति पुऱ्याउँछन् । विभिन्न स्वरूपका हिंसा एकै पटक पनि देखा पर्न सक्छन् । बालक र बालिका दुवैलाई हिंसा हुने जोखिम भए तापनि यसको लैंगिक आयाम पनि हुने गर्छ ।

## ४. बालबालिकाका विरूद्ध हुने हिंसाको प्रभाव

बालबालिकाको बाँच्ने र विकसित हुने प्रक्रियामा हिंसाको अत्यन्त नकरात्मक प्रभाव रहन्छ । हिंसाले बालबालिकाको बाँच्ने, शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र समाजिक विकासमा असर पुऱ्याउँछ । स्वास्थ्यमा यसका अल्पकालीन र दीर्घकालीन दुवै असरहरू देखिन्छन् । उदाहरणका लागि घाउ चोटपटकले अपाङ्गता हुन सक्ने, शारीरिक रूपमा स्वास्थ्य समस्या हुने, दिमागको विकास मन्द हुने, मानसिक समस्या हुने तथा दुर्व्यसनी वा शीघ्र यौन क्रियाकलापको सुरूवात जस्ता स्वास्थ्यका लागि जोखिमपूर्ण व्यवहारहरू देखिन सक्छन् ।

विद्यालयमा अनुपस्थित रहने वा आक्रामक र ध्वंसात्मक व्यवहारहरूका कारण विकास र व्यवहारका समस्या उत्पन्न भई बालबालिका कानुनी दायरामा आउनुपर्ने हुन सक्छ । हिंसाको अनुभवले बालबालिकालाई पुनः पीडित बनाउने जोखिम निम्त्याउँछ । यो बढ्दै गएर पछि आफ्नै श्रीमान श्रीमतीमा समेत हिंसा गर्ने हुन सक्छ । बालबालिकाको संरक्षणको अधिकार परिपूर्ति नगर्नाले मानवीय, सामाजिक र आर्थिक हिसाबमा ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ । स्वास्थ्य स्याहार, कानुनी र सामाजिक कल्याणका सेवाहरूजस्ता केही यस्ता मूल्यहरू प्रत्यक्ष हुन्छन् । केही अप्रत्यक्ष तर लामो समयसम्म रहिरहने हन्छन् । उदाहरणका लागि अपाङ्गता भएकोमा उनीहरूलाई सधैं हेरचाह गरिरहनुपर्ने, शिक्षाको निरन्तरता नभएमा भविष्यमा उसको उत्पादनशीलता घट्न गई कठिन जीवन बिताउनुपर्ने बाध्यता, आदि ।

## ५) बाल हिंसाको रोकथाम र सम्बोधन (Response) गर्ने सवालमा राज्यको दायित्व

बाल अधिकारको धारा १९ ले सन्धिका पक्ष राष्ट्रलाई बालबालिकालाई हिंसाबाट जोगाउन उपयुक्त हुने कानुनी, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू अपनाउने दायित्व सिर्जना गरेको छ । यस धाराको संरक्षणको दायित्वले रोकथाम र सम्बोधन दुवैलाई समेटे पनि अहिले स्थापित मान्यता अनुसार बालबालिकालाई उचित वातावरणमा हुर्कन दिनका लागि रोकथामको पक्षमा विशेष जोड दिन जरूरी छ । बाल अधिकार समितिले हिंसा सम्बोधनका उपायहरू एकीकृत, संयोगात्मक (cohesive), विभिन्न विधा समेटिएको र समन्वयात्मक हुनुपर्ने कुरामा विशेष जोड दिएको छ । उक्त समितिले 'उपयुक्त' भन्ने शब्दलाई व्याख्या गर्दा कुनै पनि प्रकृतिका हिंसाको स्वीकारोक्ति हुन नसक्ने गरी गर्नुपर्ने बताएको छ ।

कानुनी पक्षको कुरा गर्दा पक्ष राष्ट्रले विभिन्न उपायहरू अवलम्बन गर्नुपर्छ । जस्तै : राष्ट्रिय कानुनहरूको

पुनरावलोकन गर्ने र बाल अधिकार महासन्धि अनुरूप हुने गरी आवश्यक संशोधन गर्ने । यसो गर्दा धारा १९ लाई विशेष जोड दिई सबै प्रकारका हिंसा सबै अवस्था (setting) मा पूर्णतः प्रतिबन्धित गर्ने कुरा छुटाउन नहुने दायित्व पक्ष राष्ट्रमा रहन्छ । पीडित/साक्षी बालबालिकाको संरक्षण र उनीहरूलाई प्रभावकारी उपचार र परिपुरणको व्यवस्था र आमसञ्चार एवं सूचनाप्रविधिमा बाल संरक्षण सुनिश्चित हुने गरी कानुनी व्यवस्था हुनै पर्दछ । कानुन र न्यायिक प्रक्रिया बालमैत्री रूपमा लागू गरिनु पर्छ । अझ महत्वपूर्ण रूपमा बाल हिंसा अन्त्य गर्न तय गरिएका उपायहरू कार्यान्वयनका लागि चाहिने आवश्यक बजेट विनियोजन गरिनु पर्दछ । बालबालिकाको अवस्थाको अनुगमन गर्न एउटा स्वतन्त्र मानव अधिकार संस्था (Independent Human Rights Institution) को स्थापना र यसलाई चाहिने श्रोत, साधन उपलब्ध गराउन अनिवार्य हुन्छ ।

बाल हिंसासँग जुध्न कानुनी उपायहरूको साथसाथै प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू अवलम्बन गर्नु पनि राज्यको दायित्व अन्तर्गत पर्दछ । प्रशासनिक उपायहरूमा बालबालिकालाई हिंसाबाट संरक्षण गर्न आवश्यक पर्ने नीतिहरू र अनुगमन प्रणालीको स्थापना जस्ता क्रियाकलापहरू समेटिन्छन् । सामाजिक उपायहरू अन्तर्गत आधारभूत र लक्षित सेवाहरूको व्यवस्था गरिनु पर्दछ जसमा सामाजिक नीतिको मूल प्रवाहमा बाल हेरचाहलाई एकीकृत गर्ने, जोखिमपूर्ण अवस्थाका व्यक्तिको सेवामा पहुँच सुनिश्चित गर्ने, स्वास्थ्य, समाज कल्याण र न्यायिक सेवामा पहुँचलाई सुधार गर्ने कुराहरू पर्दछन् । यस किसिमको सामाजिक उपायले जोखिम न्यूनीकरण गर्दै बाल हिंसालाई रोकथाम गर्न मद्दत पुग्छ । सामाजिक कार्यक्रमहरू तय गर्दा बालबालिका तथा उनीहरूका परिवारलाई सहयोग पुग्ने र बालबालिकाको स्याहारसुसार सकारात्मक तरिकाले गर्न सक्ने बनाउने लक्ष्यका साथ गरिनु पर्दछ ।

प्रशासनिक र सामाजिक उपायहरूले सकारात्मक हेरचाहका लागि आवश्यक र उपयुक्त सेवाको व्यवस्था गर्दछन् भने तिनीहरूको पुरकका रूपमा शैक्षिक उपायहरू अपनाउनु पर्छ जसले बालहिंसाको संरक्षण र प्रबर्धन गर्ने प्रकारका धारणा, चलन, परम्परा र व्यवहारलाई जरैदेखि उखेलेर सम्बोधन गर्न मद्दत गरोस् ।

## ६) विद्यमान र प्रस्तावित कानुनी व्यवस्थाहरू : सबलता र सुधार गर्नुपर्ने पक्षहरू

नेपालको संविधान, २०७२ ले बाल अधिकारलाई मौलिक हकका रूपमा एउटा छुट्टै धाराका रूपमा व्यवस्था गरेको छ । यसले सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण वा अनुचित प्रयोग गर्न नपाउने व्यवस्था गरेको छ । यसैगरी, बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाउने तथा सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न प्रतिबन्धित गरेको छ । संविधानले बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने व्यवस्था पनि गरेको छ । बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने व्यवस्था

भए तापनि शारीरिक दण्ड सजायलाई स्पष्ट रूपमा प्रतिबन्धित गरेको पाइँदैन ।

बालबालिका सम्बन्धी ऐन, २०४८ ले बालबालिकालाई भिक्षा माग्ने काममा लगाउने, देवी देवताका नाममा चढाउने वा अन्य अनैतिक काममा लगाउने कार्यलाई प्रतिबन्धित गरेको छ। बालबालिकालाई क्रूर र यातनापूर्ण व्यवहार गर्नबाट प्रतिबन्ध लगाए पनि बाबु, आमा परिवारका सदस्य, संरक्षक वा शिक्षकले बालबालिकाको हितको लागि हप्काएको वा सामान्य पिटाई गरेको कार्य कानुन उल्लंघन नमानिने भनी हिंसालाई कानुनी मान्यता दिएको पाइन्छ ।

ऐनको यो प्रावधानलाई सर्वोच्च अदालतले खारेज गरेको भए तापनि मुलुकी ऐनमा यस्तै स्वरूपको कानुनी प्रावधान विद्यमान छ जसले '... रक्षा शिक्षा गर्नेले कुटाई माग्नेको हितको निमित्त मनासिब माफिकको सामान्य बल प्रयोग गरी कुटेमा सो कुट्नेलाई कुटपिटको बात लाग्दैन (मुलुकी ऐन, २०२० महल ९ नं. ४) भन्ने व्यवस्था गरी हिंसा प्रबर्धन गरेको पाइन्छ। बालबालिका सम्बन्धी ऐन, २०४८ को एउटा ठूलो कमजोरी बाल हिंसालाई स्पष्ट रूपमा प्रतिबन्धित गर्न नसक्नु रहेको छ जसले बाल हिंसाका विभिन्न रूपहरू सामाजिक रूपमा स्वीकार्य भएको देशमा यसलाई सम्बोधन गर्ने कानुनी रिक्तता निम्त्याएको छ ।

बाल अधिकार समितिले २००५ मा नेपाललाई दिएको समापन टिप्पणीमा बाल अधिकार सम्बन्धी ऐन र मुलुकी ऐनको बाल अधिकार महासन्धिको धारा १९ बमोजिम मेल खाने गरी संशोधन गर्न सुझाएको थियो । एक दसक बितिसक्दा पनि यो प्रक्रिया सकिएको छैन । बालबालिका सम्बन्धी ऐनलाई प्रतिस्थापन गर्ने उद्देश्यले तयार पारिएको नयाँ बालबालिका सम्बन्धी ऐनको मस्यौदा धेरै हदसम्म प्रगतिशील र अधिकारमा आधारित रहेको छ । अन्तर्राष्ट्रिय मापदण्डहरू अनुसार उक्त मस्यौदामा अझै धेरै सुधार गर्नुपर्ने भए तापनि यसले महासन्धिका धेरै अधिकारलाई समेटेको छ यद्यपि बाल हिंसालाई सम्बोधन गर्ने दृष्टिकोणबाट यसलाई पुनर्लेखन गर्नुपर्ने देखिन्छ ।

यस मस्यौदामा बाल हिंसालाई एउटा बेग्लै परिच्छेदमा उल्लेख गरिएको छ जसले निम्न कार्यहरूलाई बाल हिंसाको परिभाषामा राखेको छ ।

बालबालिका विरूद्वको हिंसा : कसैले बालबालिकालाई देहायको कुनै कार्य गरे गराएमा वा त्यस्तो कार्यमा प्रयोग गरेमा बालबालिका विरूद्ध हिंसा गरेको मानिनेछ :

(क) जुवा, तास जस्ता कुलतमा संलग्न गराउने,

(ख) बालिगहरूका लागि खोलिएका डान्स, क्यासिनोजस्ता मनोरञ्जनस्थलमा प्रवेश वा प्रयोग गराउने,

(ग) संरक्षण, शिक्षा वा अनुशासनका नाममा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,

(घ) गैरकानुनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने,

(ङ) राजनैतिक प्रयोजनका लागि संगठित गर्ने वा जुलुसमा प्रयोग गर्ने,

(च) लागू औषध, धूमपान, मद्यपान वा मनोद्दीपक पदार्थको बिक्री वितरण, उपभोग वा ओसारपसार गर्ने वा गर्न लगाउने,

(छ) क्रूर व्यवहार गर्ने, यातना दिने वा शारीरिक चोटपटक वा असर पुऱ्याउने, आतङ्कित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने,

(ज) भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेषधारण गर्न लगाउने,

(झ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा धर्म, परम्परा, संस्कृति, रीतिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला वा बहिष्कार गर्ने, आरोप लगाउने वा उपहासको पात्र बनाउने,

(ञ) जादु वा सर्कसमा लगाउने,

(ट) कसूरजन्य कार्य गर्न तालिम दिने वा सिकाउने,

(ठ) कुनै किसिमले सशस्त्र द्वन्द्वमा संलग्न गराउने,

(ड) प्रचलित कानुन विपरित बालबालिकाको अङ्ग झिक्ने,

(ढ) औषधि वा अन्य कुनै परीक्षणको निमित्त बालबालिकालाई प्रयोग गर्ने,

(ण) अपहरण गर्ने वा बन्धक बनाउने ।

बाल हिंसालाई यसरी सम्बोधन गर्ने दृष्टिकोणको एउटा आधारभूत समस्या रहन्छ । हिंसालाई यसरी एउटा बन्द सूचीका रूपमा मान्दा हिंसाका नयाँ, फरक र विभिन्न सवाललाई सम्बोधन गर्ने ठाउँ रहँदैन । यो बन्द सूचीले नेपालमा अहिले नै व्याप्त रहेका हिंसाका स्वरूपहरू जस्तैः आमसञ्चारमा बाल हिंसा, सूचनाप्रविधिको प्रयोगबाट हुने हिंसा, बालबालिकाबीचमा हुने हिंसा, बुलिङ्ग, इत्यादिलाई समेटेको पाइँदैन ।

## (७) सुझावहरू

(१) सबै प्रकारका बाल हिंसालाई स्पष्ट रूपमा प्रतिबन्धित गर्ने र बाल हिंसाका कार्यको सूचीलाई खुला गर्न त्यसको शीर्ष वाक्यमा 'लगायत' भन्ने शब्द थप्ने ।

(२) सूचीलाई बाल अधिकार समितिले व्याख्या गरे बमोजिम मेल खाने बनाउने । अहिलेको सूचीमा कम्तीमा पनि निम्न कुरा थप गर्ने - हेला वा हेलाजन्य व्यवहार, मानसिक हिंसा, आमसञ्चारमा बाल हिंसा र सूचनाप्रविधिको प्रयोगबाट गरिने हिंसा (यसको परिभाषाका लागि माथि हिंसाका स्वरूपमा हेर्नुहोस्) ।

(३) बालबालिका पीडित र/वा साक्षी भएका सबै मुद्दामा लागू हुने गरी पीडित र साक्षीको संरक्षण, बालमैत्री सुनुवाइ र बालमैत्री सेवाहरूको प्रावधान एक छुट्टै दफा थप गरी राख्ने ।

# नीतिगत विश्लेषण

(४) अहिलेको मस्यौदामा क्षतिपूर्तिको मात्र व्यवस्था भएको र सो अपुग भएकोले एउटा छुट्टै दफा थप गरी पीडित बालबालिकाको सामाजिक पुर्नः एकीकरण र परिपूरणको व्यवस्था थप गर्ने ।

(५) बाल हिंसाका मुद्दा अदालतमा लगातार सुनुवाई हुने मुद्दा सूचीमा पार्ने कुरा सुनिश्चित गर्ने ।

(६) बाल हिंसाका मुद्दा सरकारवादी हुने अहिलेको प्रावधान यथावत राख्ने कुरा सुनिश्चित गर्ने ।

(७) यो मस्यौदा र फौजदारी विधेयक लगायत अन्य समान प्रकृतिका हाल प्रक्रियाका चरणमा रहेका विधेयकका बीचमा तादात्म्यता सुनिश्चित गर्ने । जस्तो : बालबालिकालाई भिक्षा माग्न लगाउने अपराधका लागि तोकिएको सजाय यी दुई मस्यौदा/विधेयकमा फरक पाइएको छ ।

बाल हिंसालाई सम्बोधन नगर्दाको मूल्य यसलाई रोकथाम लगायत उपायबाट सम्बोधन गर्दाको भन्दा ज्यादै चर्को पर्न जान्छ । त्यसैले सरकारी र गैरसरकारी संघसंस्थाहरूले प्राथमिक रोकथाममा विशेष ध्यान र जोड दिँदै बालबालिकालाई हिंसा रहित वातावरणमा हुर्कने मौका सुनिश्चित गर्न अति आवश्यक छ ।

बालबालिका विरूद्ध हिंसा सम्बन्धी नीतिगत सवालमा तयार गरिएको यो जानकारीपत्र विधायक, नीति निर्माता, नागरिक समाज तथा पैरबीकर्ताहरूका लागि बाल अधिकारकर्मीहरू तथा सञ्जालहरूको सामुहिक परामर्शवाट तयार पारिएको हो ।

यो जानकारीपत्र हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्चद्वारा युनिसेफ, नेपाल कार्यालयको आर्थिक सहयोगमा प्रकाशन गरिएको छ ।

थप जानकारीका लागि :
**हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्च**
बुद्धनगर-१०, काठमाडौं
फोन : ९७७-१-४७८३७९१,
email : hidrnepal@gmail.com
www.hidrnepal.com